# निजगढ नगरपालिका

## नगर सभाको

## अठारौं अधिवेशन,

## २०८३

नगरप्रमुख श्री सुरश पुरीज्यूले

प्रस्तुत गर्नु भएको

## आ.व. २०८३/०८४ को

## नीति तथा कार्यक्रम

मिति: २०८३/०३/०७

यस नगरपालिकाकी नगर उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर सभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, संचारकर्मी मित्रहरु, लगायत सबैमा हार्दिक अभिवादन व्यक्त गर्दछु

१. निजगढ नगर नगरपालिकाको नगरसभाको अठारौं अधिवेशनको यस गरीमामय सभामा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरीरहंदा म हर्षित भएको छु । विभिन्न राजनीतिक आरोह / अवरोह पार गरेर अहिले हामी क्रमिक रुपमा विकासको यात्रा तर्फ अगाडि बढिरहेका छौ । नेपालको राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता, समृद्धि, संघीय शासन प्रणाली स्थापित गर्न तथा मुलकमा नगारिकको शासन स्थापित गर्न विभिन्न समयमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दछु । यस्ता अभियानका क्रममा हुनुभएका घाइते तथा अपाङ्गहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै यस महत्वपूर्ण अवसरमा, शहीद परिवार, अहोरात्र लागिरहने योद्धाहरु, मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक सवलीकरणका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने राजनीतिक व्यक्तित्व एवं अग्रज नेताहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

२. नेपालमा सङ्घीयता कार्यान्वयन पश्चात नागरिकको पहुँचमा **स्थानीय सरकार** भएको हुँदा विकासमा नागरिकको सार्थक र जीवन्त सहभागिताको सुनिश्चित गर्ने अवसर मिलेको छ । नगरवासीहरुको दुःख र सुखमा साथ दिने साथी र सारथी हो भन्ने आभासका साथ हामीले स्थानीय श्रोत र साधनको पहिचान गरी अधिकतम उपयोगलाई सम्वोधन गर्ने कुरामा जोड दिने गरेका छौं । मानव जीवनमा गर्भ देखि मृत्यु संस्कारसम्मको जीवनयापनमा सहयात्री बनेर नगरवासीलाई आइपरेका समस्या बिसाउने र समाधानका उपायहरु खोजी गर्ने माध्यमको रुपमा कार्य गर्ने हाम्रो जिम्मेवारी रहेको छ ।

३. निजगढ नगरपालिका स्थापनाकाल देखि नै समावेशी दिगो र जनउत्तरदायी स्थानीय शासन निर्माण गर्ने दृढ संकल्पका साथ यस नगरपालिकाका गतिविधिहरु अगाडि बढिरहेको सर्वविदितै छ । स्थानीय तहको दोश्रो निर्वाचनको विगत ४ वर्षमा नगरपालिकामा संरचनात्मक सुधार, सेवा प्रवाहमा सुधार, पूर्वाधार सुदृढिकरणका दृष्टिकोणले महत्वपूर्ण रहेको छ । यस अवधिमा हामीले निर्वाचनमा आम नगरवासी समक्ष प्रस्तुत गरेका प्रतिवद्धता अनुरुप आधारभूत सेवामा पहुँच वृद्धि, कृषि तथा पशुपालन मार्फत स्वरोजगारीमा वृद्धि, शैक्षिक गुणस्तरमा सुधार, स्थानीय सडक विस्तार, खानेपानी संरचनामा सुधार, वातावरण संरक्षण तथा डिजिटल प्रविधिको प्रयोग मार्फत सेवा सरलीकरण जस्ता उल्लेखनीय उपलब्धीहरु हासिल भएका छन ।

४. यस आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रमले समावेशी एवं दिगो विकास मार्फत **"समृद्ध निजगढ नगर, सुखी नगरवासी"** अभियानलाई सार्थकता दिन वहुआयामिक क्षेत्रलाई समेट्ने प्रयास गरेका छौ । त्यसका लागि आगामी एक वर्ष भित्र सेवा प्रवाहको गुणस्तर सुधार स्थानीय अर्थतन्त्रको सुदृढिकरण पूर्वाधार विकास सुशासन प्रबर्द्धन र नवप्रवर्तनमैत्री प्रविधिको प्रयोग मार्फत नगरपालिका समृद्धिको यात्रामा थप सशक्त रुपमा अघि बढ्ने प्रतिबद्धता गर्दछौं ।

५. शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरवासीले गर्न सकुन् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं । नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न स्थानीय सरकारको रुपमा दृढताको साथमा लागेको कुरा समेत अवगत गराउन चाहन्छु । **"जनप्रतिनीधिहरु शासक होइनन जनताका सेवक हुन"** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शक सिद्धान्तको रुपमा ग्रहण गरेका छौ ।

६. शासन सञ्चालन प्रति युवा पुस्ताको असन्तुष्टिको पृष्ठभूमिमा गत भाद्र २३ गतेको जेनजी पुस्ताको आन्दोलनको क्रममा अवोध बालबालिकाहरुले ज्यान गुमाउनुपर्यो । सो घटना अत्यन्तै दुखद थियो । उक्त घटनामा ज्यान गुमाउनेहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, तथा परिवारजन प्रति आत्मीय समवेदना व्यक्त गर्दै सोही आन्दोलनको क्रममा घाइते तथा अङ्गभङ्ग हुनुभएका नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । सोही आन्दोलनको आवरणमा २४ गते देशव्यापी आगजनी लुटपाट लगायतका विध्वंसात्मक गतिविधिहरुका अगाडि राज्य निरीह सावित भयो । जसको चङ्गुलबाट निजगढ नगरपालिका समेत सुरक्षित रहन सकेन जसमा निजगढ नगरपालिकाको प्रशासकीय भवन सहित १० वटा वडा कार्यालयका भवन, दशकौ अगाडिदेखिका लिपिबद्ध संस्थागत अभिलेखहरु (Institutional Memory), कार्यालयका फर्निचर, विद्युतीय सूचना सञ्चारका साधनहरुको समूल नष्ट पारियो । यसले कार्यालयको नोक्सानी मात्र नभै सबै क्षेत्रले आत्मविश्वास त गुमायो नै अव पुन निर्माणमा थप स्रोत जुटाउने चुनौती पनि थपेको छ । हाल विद्यमान अवस्थामा सार्वजनिक क्षेत्र खरानी टक्टकाएर जनताको विश्वास, सहज सेवा, सुशासन, र भ्रष्टचाररहित समाजको निर्माणमा दौडनु पर्ने परिस्थितिमा छ । यस घटनाले नगरपालिकाको सेवा प्रवाह लगायत विकास निर्माण ठप्पप्राय हुन गइ नगरको दीर्घकालीन विकासका लक्ष्य प्राप्तिको यात्रामा थप चुनौती सिर्जना भएको छ । आन्दोलनको आडमा **" नागरिकको घर दैलोको सरकारको रुपमा रहेको"** स्थानीय तहको अस्तित्व नै सङ्कट पर्ने किसिमका गतिविधि आजको सभ्य समाजका लागि कदापी स्वीकार्य हुन सक्दैन । यस घटनाले सेवा सञ्चालनमा परेको क्षति र पालिकामा सिर्जना हुन गएको अप्रत्यासित थप आर्थिक दायित्वप्रति सङ्घीय सरकारको नीति कार्यक्रम र बजेटमा स्पष्ट सम्बोधन हुने नागरिकको अपेक्षा अधुरो नै रह्यो ।

७. श्रोत साधनको न्यूनता, दक्ष र अनुभवी जनशक्तीको अभाव , विपदजन्य घटनाहरुको प्रभाव, मानव सिर्जित आकस्मिक घटनाहरुबाट उत्पन्न चुनौतीहरुका बावजुद नगरपालिकाको आवश्यकताको पहिचान गरी प्रभावकारी सेवा प्रवाह, विकास निर्माणका गतिविधिहरुको सञ्चालन, उत्पादन तथा उत्पादकत्वको प्रवर्द्धन गर्दै आएको विषय नगरवासीहरुमा विदितै छ । नगरपालिकाले आगामी आ.व. २०८३।०८४ मा सबै क्षेत्रमा समुचित एवं समन्यायीक हिसावले सम्वोधन गर्न गरी वजेट तथा कार्यक्रमको तयारी गरीएको अवगत गराउदछु ।

**आ.व. २०८३/०८४ मा नगरपालिकाले अवलम्वन गर्ने नीतिहरु देहाय अनुसार प्रस्ताव गरीएको छ ।**

"समृद्ध निजगढ नगर सुखी नगरवासी" मुख्य नाराका साथ निजगढ नगरपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूलत: नेपालको वि.सं. २१०० को दिर्घकालिन लक्ष्य, सन् २०३० सम्मको दिगो विकास लक्ष्य, नेपाल सरकारको १६ औ पञ्चवर्षिय योजना, मधेश सरकारको दोस्रो आवधिक योजना तथा निजगढ नगरपालिकाको आवधिक योजनाको आधारपत्रको साथै संघ तथा प्रदेश सरकारले लिएको नीति तथा कार्यक्रम, स्थानीय निर्वाचनको क्रममा सबै राजनैतिक दलहरुले प्रतिवद्धता जनाई संकल्प गरेका महत्वपूर्ण साझा सवालहरु, स्थानीय सरकारको रुपमा राज्यको तर्फबाट पूरा गर्न लोककल्याणकारी अवधारणामा आधारित कार्यहरु, सामाजिक र आर्थिक एवं मानवीय सूचकाङ्कका आधारमा पछाडि परेका वर्ग, समुदाय, क्षेत्र लगायत समग्र रुपमा नगरवासीको सर्वाङ्गीण विकासको अवधारणालाई आत्मसात गर्दै यो नीति तथा कार्यक्रम तयार गरीएको छ ।

**नगर गौरवको आयोजनाहरू**

नगरपालिकाको सर्वाङ्गीण विकासमा दीर्घकालिन महत्त्व राखी नगरवासीको विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने आयोजनाहरूः

१. नमूना माझि वस्ति निर्माण

२. शहिद हिरालाल रंगशाला निर्माण

३. वडा नं १२ जाने भक्तलाल खोलामा पक्की पुल, लाल गाँउजाने लालखोलामा पक्की पुल तथा वगर खोलामा पक्की

४. वसपार्क निर्माण

५. वडा नं १० १२, १३ को कालोपत्रे सडक निर्माण

६. स्थानीय उत्पादन संकलन तथा बिक्री केन्द्र

७. वकैया खोलाको मोहोरीमा सिँचाई चेक ड्याम निर्माण

८. निजगढ नगरसभागृह निर्माण

९. जमूना खोल्सीदेखि वडा नं १ को टाँसीछोइलिङ्ग गुम्बा हुँदै वडा नं ४ को पर्वतनाथ महादेव सम्मको सडक निर्माण

१०. तामाङ्ग कला घर निर्माण

११. नगर प्रमुख पूर्वधार विकास कार्यक्रम (प्रत्येक वडामा ५०० मिटर कालोपत्रे गर्ने )

१२. चिस्यान केन्द्र निर्माण

१३. पिपल – शक्ति (पिपलटारदेखि शक्तिखोलासम्म ) पर्यटकीय पदमार्ग

१४. प्रत्येक वडामा एकीकृत स्वास्थ्य पार्क, जेष्ठ नागरिक भवन,बाल पार्क , खुला व्यायामशाला

१५. खानेपानी विशेषगरी भरतगञ्ज सिंगौल र रतनपुरी क्षेत्रको सुधार विस्तार

१६. बकैया पुलदेखि वडा नं. ४ को मोहोरी तथा हिरालाल पार्कसम्मको पर्यटकीय मार्ग

१७. कम्पोष्ट मल उत्पादन

१८. दुग्ध उत्पादन र विविधिकरण

१९. केराको बोटबाट फाइवर उत्पादन र कोशेली घर निर्माण

२०. राइपिङ्ग चेम्बर सहितको कृषक बजार निर्माण सञ्चालन

२१. नगर पुस्तकालय सञ्चालन

२२. कछाडिया सङ्ग्रहालय र माझी सांस्कृतिक सामुदायिक भवन

## १. शिक्षा

**(शिक्षा सभ्यताको आधार, समग्र मानव विकासको पूर्वाधार)**

१.१. आर्थिक अभावका कारणले नगर भित्रका बालबालिका शिक्षा लिनबाट बन्जित हुन नपर्ने व्यवस्था मिलाईने छ।

१.२. आगामी आ.व. भित्र सामुदायिक विद्यालयहरुमा विद्यार्थीको अनुपातमा कक्षा कोठा र डेक्सबेन्चको सुनिश्चितता गरिनेछ।

१.३."बिद्यालय उमेरका बालबालिकालाई विद्यालय ल्याऊ पढाईमा लगाऔं" कार्यक्रमलाई थप प्रभावकारी बनाई विद्यालय उमेरका बालबालिकालाई कम्तिमा माध्यमिक तह पूरा गर्ने वातावरण मिलाईनेछ।

१.४. नगर शिक्षाको सर्वाङ्गिण विकास र विपन्न समुदायको जीविकोपार्जनको लागि **युनाइटेड मिसन टु नेपाल**को सहकार्यलाई निरन्तरता दिइने छ।

१.५. विज्ञान तथा प्राविधिक धारका शिक्षालयहरु सञ्चालनमा विशेष साझेदारी गरिनेछ।

१.६. नगरपालिकाको **पञ्चबर्षीय शैक्षिक विकास रणनीति** अनुरुप शैक्षिक विकासको कार्यक्रम अगाडि बढाईनेछ।

१.७. सामुदायिक विद्यालयहरु; विशेष गरी आधारभूत विद्यालयहरुमा समस्यामा रहेको शिक्षकको संख्यालाई समाधान गर्न नगर शिक्षकको व्यवस्था गरिनेछ।

१.८. निजगढ नगरपालिका क्षेत्र भित्रका विद्यालयहरुमा बाल शिक्षाको उन्नयन एवं गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि देश भरका अन्य उन्नत शैक्षिक संस्थाहरुसँग साझेदारी गरिनेछ।

१.९. उच्च तथा प्राविधिक शिक्षा अध्ययन गर्ने गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराइने कार्यलाई निरन्तरता दिईने छ । विद्यालय स्तरमा अध्ययनरत अति विपन्न र विपन्न दलितका लागि छात्रवृती कार्यक्रम सञ्चालन गरिनेछ । सोका लागि **नगर छात्रवृत्ति कोष स्थापना** गरी मापदण्ड बमोजिम कार्यान्वयनमा ल्याइने छ । प्राकृतिक चिकित्सा र डेरि टेक्नोलोजी अध्ययन गर्ने छात्र-छात्रालाई विशेष प्राथमिकतामा राखिने छ ।

१.१०. विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विद्यालय अतिरिक्त क्रियाकलाप एवम् खेलकुद क्रियाकलापमा विशेष जोड दिंदै विद्यालय तथा नगरपालिकास्तरीय कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१.११. संविधानप्रदत्त अनिवार्य शिक्षाको अधिकार सुनिश्चित गर्न अपांगता भएका लगायत सबै बालबालिकालाई विद्यालय भर्नाको वातावरण सिर्जना गरी भर्ना गरिनेछ ।

१.१२. **"प्रकृति - मानव केन्द्रित युवा विद्यार्थी कार्यक्रम"** सञ्चालनमा ल्याईने छ ।

१.१३. निजगढ नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिनेछ ।

१.१४. शिक्षामा गुणस्तरीयताको लागि शुरू गरिएको निःशुल्क एस. इ. इ. तयारी कक्षालाई रचनात्मक कक्षा सञ्चालनको रुपमा कक्षा सञ्चालन गरिनेछ । सोका लागि बजेटको व्यवस्था गरिनेछ ।

१.१५. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई किशोरी आत्मरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१.१६. शिक्षकको गुणस्तरीयता परीक्षण गरी शिक्षण कार्यमा लगाइनेछ । गुणस्तरीय शिक्षाको लागि सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौतालाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१.१७. आगामी आ.व. मा नगर शिक्षा योजना योजना लागू गरिनेछ । नीति निर्माण गरिनेछ ।

१.१८. विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनलाई क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।

१.१९. शैक्षिक गुणस्तर सुधारका लागि डिजिटल तथा प्रविधिमैत्री शिक्षण सिकाईलाई प्रभावकारी बनाईने छ ।

## २. स्वास्थ्य

**" स्वस्थ जीवनको आधार, स्वास्थ्य क्षेत्रमा क्रमिक सुधार "**

२.१. प्रत्येक नगरवासीलाई आधारभुत स्वास्थ्य उपचारबाट बञ्चित नहुने प्रत्याभूत गरिनेछ ।

२.२.प्राथमिक स्वास्थ्य केन्द्र (PHC) लाई नगर अस्पतालको रुपमा विकास गरी सुलभ फार्मेसी सेवा सहितको आकस्मिक सेवा सञ्चालन गरिनेछ ।

२.३.स्वास्थ्यमा उपचारात्मक भन्दा प्रवर्द्धनमुखी कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

२.४.एक वडा एक स्वास्थ्य नवप्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । मानसिक स्वास्थ्य सचेतना, क्यान्सर सचेतना तथा स्क्रिनिङ्ग महाअभियान, नगरप्रमुख जेष्ठ नागरिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । भरतगञ्ज सिंगौल र रतनपुरमा चिकित्सक सहितको सेवाको प्रारम्भ गरिनेछ ।

२.५. सर्पदंश शून्य मृत्यु अभियान, स्वस्थ आमा, सुरक्षित शिशु कार्यक्रम, जिरो होम डेलिभरी, समूह परिचालन, मेरो पारिवारिक स्वास्थ्य अभिलेख कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२.६ निजगढ नगरवासीहरुलाई स्वस्थ तथा निरोगी तुल्याउन योग, ध्यान र प्राकृतिक चिकित्साको पद्धतिको अनुसरण गर्नको लागि प्रोत्साहित गरिनेछ । प्राकृतिक चिकित्सा पद्धतिको स्थापनार्थ आवश्यक पहल गरिनेछ ।

२.७. महिलाहरुको प्रजनन् स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखि पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ्ग खस्ने समस्याको पहिचानका लागि वडा स्तरीय स्क्रिनिङ्ग गर्न "उपप्रमुख महिला प्रजनन स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ "। साथै उक्त कार्यक्रमलाई विस्तार गरिनेछ । हेलो आमा कार्यक्रमलाई निरन्तरता दिइने छ । मातृ तथा नवजात शिशु मृत्युदर न्यूनिकरण गर्न मातृ तथा नवजात शिशु स्याहार एवं उपचार सेवाको लागि **"उपप्रमुख सुत्केरी भेटघाट कार्यक्रम"** (PNC Visit) सञ्चालनलाई निरन्तरता दिइनेछ । साथै, निजगढ नगरपालिका क्षेत्र भित्र रहेका सरकारी तथा सामुदायिक स्वास्थ्य

संस्थामा शिशु जन्माउने सुत्केरी महिलालाई दिंदै आएको सन्तुलित आहार खर्चको रु. १००० लाई निरन्तरता दिईनेछ। आगामी आ. व. २०८३।०८४ देखि स्वयं सेविकालाई दिइरहेको भत्तामा थप गरी विशेष प्रोत्साहन गरिनेछ।

२.८.बर्थिङ सेवा समेत सञ्चालन गर्ने लक्ष्य सहित निर्माणाधिन निजगढ वडा नं. २ को स्वास्थ्य चौकी निर्माण कार्य सम्पन्न गरिने कार्यलाई निरन्तरता दिइनेछ।

२.९.स्वास्थ्य विमा कार्यक्रममा पँहुच विस्तार गरी व्यापक सहभागितामूलक वनाउन अति विपन्न ,सिमान्तकृत समुदाय, विपन्न दलित र लोपोन्मुख समुदायलाई विमामा आवद्ध गराउने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

२.१०.आवश्यकता र औचित्यको आधारमा स्वास्थ्य संस्थाहरुको संख्या र कार्यक्षेत्रका बीच तादम्यता मिलाईनेछ। नगर अस्पताल र सामुदायमा आधारित प्रसूती गृहको सेवालाई merge गर्ने प्रक्रियालाई अगाडि बढाउन सार्थक पहल गरिनेछ ।

२.११. नेपाल सरकारले समेत महत्वाकांक्षी कार्यक्रमको रुपमा अंगिकार गरेको क्षयरोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन निजगढ नगरपालिकालाई **"क्षयरोग मुक्त नगरपालिका घोषणा"** अभियानलाई निरन्तरता दिईनेछ।

२.१२.तिलगंगा आँखा अस्पतालको समन्वय तथा साझेदारीमा विद्यालय स्तरीय आँखा परीक्षण शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ। मोतिविन्दुका कारण हुने अन्धोपनमुक्त बनाउने अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२.१३. निजगढ नगरपालिकावाट निशुल्क वितरण गरीदै आएको औषधीमा बढाएर ११५ किसिमका औषधी वितरणलाई निरन्तरता दिईने छ ।

२.१४. महिला/बालवालिका/किशोर किशोरीहरुको पोषण अवस्था सुधार गर्न लक्षित समूह बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिनेछ। साथै, पोषण सम्बन्धी जनचेतना जगाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२.१५. संक्रमण रोग विरुद्ध अभियान र नसर्ने रोगको उपचारको लागि विशेष कार्यक्रम संचालन गरिनेछ। प्राणघातक, दिर्घ तथा घातक रोगका बिरामीहरुको उपचारमा आर्थिक विपन्नताको आधारमा विशेष सहयोग उपलब्ध गराइनेछ। आयुर्वेद औषधालयलाई सबलीकरण गरी आयुर्वेदका कृयाकलापलाई विस्तार गरिनेछ।

## ३. कृषि तथा पशुपन्छी

**"कृषि जीवन निर्वाहको मूल आधार , कृषि कर्म गरी बनौं स्वरोजगार "**

**"कृषिमा लगानी : घरघरमा आम्दानी"**

३.१.कृषि पेशालाई मर्यादित बनाउन कृषकलाई सम्मान गरिने परम्पराको शुरूवात गर्दै कृषि उपजलाई नगरको आम्दानीको मूल स्रोत र रोजगारीको माध्यमको रुपमा अगाडि बढाईने नीति अवलम्बन गरिनेछ।

३.२.कृषि उत्पादन संकलन तथा विक्री केन्द्र निर्माण कार्यलाई निरन्तरता दिइने छ। स्थानीय रुपमा उत्पादित तरकारी तथा फलफुल बिक्रीको लागि प्रत्येक ब्लकमा स्थानीय उत्पादन बिक्री केन्द्र (कृषक बजार) निर्माण अभियानलाई निरन्तरता दिइनेछ। आवश्यकता अनुसारको स्थानमा राईपिङ्ग चेम्बर निर्माणमा साझेदारी गरिनेछ।

३.३.गोठेमललाई कम्पोष्ट मल वनाउने अभियान चलाईने छ। रासायनिक मलको विकल्पमा प्राङ्गारिक तथा जैविक तथा झोल मललाई प्रवर्द्धन गरिने तथा रासायनिक मल र विषादिमुक्त तरकारी फलफुल तथा खाद्यान्न उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गर्ने नीति लिइने छ।

३.४.सतह तथा भूमिगत सिँचाईको उचित व्यवस्थापन र प्रवर्द्धन गरिनेछ।

३.५.**"स्थानीय उत्पादनको उपभोग गरौं स्थानीय उत्पादनलाई प्रोत्साहन गरौं"** भन्ने अभियान मार्फत कृषि उद्योगलाई प्रोत्साहन गरिनेछ। विद्यालय खाजा कार्यक्रममा स्थानीय रुपमा उत्पादित खाद्य पदार्थको प्रयोगमा प्राथमिकता दिईने छ।

३.६. नगरपालिकाको विभिन्न भागहरुमा माटो परीक्षण शिविर सञ्चालन गरिनेछ। माटोको प्राकृतिक उर्वरा क्षमता बचाउन माटो उपचार अभियान प्रारम्भ गरिनेछ।

३.७. दैनिक उपभोग्य खाद्यान्न वाली (धान) को विउ वितरणमा ५०% अनुदानलाई निरन्तरता दिईनेछ।

३.८. केरा जोनलाई व्यवस्थित गर्न प्रोत्साहनको नीति लिइनेछ । केराको थामबाट फाइबर, धागो तथा जैविक मल उत्पादन गर्ने कार्यलाई निरन्तरता दिँदै यस कार्यमा दातृ निकाय तथा निजी क्षेत्रसँग साझेदारी गरी व्यावसायिक उत्पादनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

३.९.कृषि पेशालाई सम्मानित र मर्यादित पेशाको रुपमा स्थापित गर्न कृषक सम्मान कार्यक्रमको थालनी गरिनेछ ।

३.१०. राष्ट्रिय चरण तथा घाँस विकास कार्यक्रमसँगको सहकार्यमा पोषिलो घाँस उत्पादन गरी पशुपालनको लागत मूल्य कम गर्न आवश्यक कार्य गरिनेछ । यस नगरपालिका भित्र रहेका पशुहरुको स्वस्थकर उत्पादनलाई मध्यनजर गरी मागमा आधारित स्वस्थकर र उन्नत जातका पशु नश्ल सुधारका लागि निःशुल्क कृत्रिम गर्भाधान तथा घाँसको बिँउ वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ भने पशु नश्ल सुधारलाई थप परिष्कृत गर्न अन्य विकास साझेदार लगायतका सँग साझेदारी गरिनेछ ।

३.११. पशुपालन तर्फ व्यवसायिक फर्म प्रोत्साहन, साना पशुपालक कृषकहरुलाई गोठ सुधार, भकारो सुधार तथा खोर सुधार कार्यक्रममा एकल महिला, दलित समुदाय, गरिब तथा असहायलाई प्रोत्साहन गरिनेछ ।

३.१२. दुग्ध उत्पादनको लागत कम गर्न पौष्टिक पशु आहार साइलेज उत्पादनमा विकास साझेदार तथा सम्बन्धित संघ संस्थाहरुसँग साझेदारीको नीति लिईनेछ ।

३.१३. गाईभैंसी, बाख्रा, पशुपंक्षी , मौरी पालन गर्ने किसान तथा व्यावसायिक कृषकहरुलाई आवश्यकता अनुसार नियमित रूपमा प्राविधिक सहयोग दिई क्षमता अभिवृद्दि गरिनेछ ।

३.१४. स्थानीय दूध उत्पादन प्रोत्साहन स्वरुप सहकारीमा लगि दुध बिक्रि गर्ने किसानहरुलाई दिदै आइरहेको प्रति लीटर रू.१ को अनुदानलाई निरन्तरता दिईने छ ।

३.१५. पशु स्वास्थ्य तथा उत्पादनमा ह्रास ल्याउने अति सङ्क्रामक रोगहरु जस्तैः FMD, PPR, LUMPY SKIN DISEASE विरुद्द खोप लगाई समयमै रोकथाम गर्ने र रोग लागेर विरामी भएका पशुहरुको रोग निदान तथा प्रभावकारी उपचारका निमित्त प्रयोगशाला सेवा निरन्तर रुपमा प्रदान गरिनेछ । साथै सबै वडाहरूमा पशु स्वास्थ्य शिविर संचालनलाई निरन्तरता दिईनेछ ।

३.१६. "Rabies zero by 30" को अवधारणा अनुसार मानिसमा कुकुरको टोकाईबाट सर्ने रेविज रोगको रोकथामको लागि सामुदायिक कुकुरहरुको संख्या न्युनिकरण गर्न बन्ध्याकरण कार्यक्रम संचालन र रेविज रोग विरुद्ध खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ४. पूर्वाधार विकास

४.१. नगरको व्यवस्थित पूर्वाधार निर्माणका लागि एकीकृत नगर विकासको गुरुयोजना निर्माणको गर्न साझेदारी गरिनेछ ।

४.२. बसपार्क निर्माणको कार्यलाई अगाडि बढाउन आवश्यकता अनुसार पहल गरिनेछ ।

४.३. वडा नं. १२ को भक्तलाल खोला, वडा नं. १० को लालखोला ,वडा नं ३ को वगरखोलामा नगरपालिकाको केन्द्रसँग जोड्न पुल निर्माणलाई उच्च प्राथमिकतामा राखि समयमै सम्पन्न गराउन पहल गरिनेछ ।

४.५. नगरभित्र बनेका नालाहरुमा संवेदनशीलताालाई ध्यान दिदै नालामा ढक्कन राख्ने कार्यलाई अगाडि बढाइने छ ।

४.६.वडा नं. १०, १२, १३ जोड्ने कालोपत्रे सडक निर्माणलाई प्राथमिकताका साथ राखि निर्माण कार्यलाई निरन्तरता दिईने छ ।

४.७. निजगढ नगरपालिकाको प्रशासनिक भवनको तला थप गरिनेछ । साथै, आन्दोलनका कारण ध्वस्त भएका भवनका कोठाहरु साझेदारीमा मर्मत गरिनेछ ।

४.८. वहुआयामिक व्यापारिक मल सहितको नगरसभागृह निर्माण कार्य अगाडि बढाउन नगरविकास कोषमा प्रस्ताव पेश गरिनेछ ।

४.९. नगरपालिकाबाट विनियोजन भएका योजनाहरुको उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्यान्वियन हुने सबै योजनाहरुमा कुल लागत अनुमानको २० प्रतिशत उपभोक्ता समितिको योगदान र नगरपालिकाको ८० प्रतिशत हुने गरी लागत

साझेदारीमा गरिने कार्यलाई निरन्तरता दिइने छ। प्रावधान विशुद्ध सामान खरिदमात्र खरिद गरिने आयोजनामा लागत साझेदारी लागू गरिने छैन।

४.१०. नगरभित्रका विभिन्न अधुरा खहरे तथा साना खोलाहरुमा छोटा पुल, भेन्टेज, कज्वे , कल्भर्ट निर्माण कार्यलाई प्राथमिकताका साथ निर्माण गरिनेछ। अधुरा सामुदायिक भवनहरु निर्माण सम्पन्न गर्न आवश्यकता अनुसार बजेटको व्यवस्था गर्न संघीय तथा प्रादेशिक सरकारहरुसँग समन्वय र सहजिकरण गरिनेछ।

४.११. वडा नं. १ को गुम्बा देखि वडा नं. ४ को पर्वतनाथ महादेव मन्दिरसम्मको सडक निर्माणलाई प्राथमिकतामा राखि निर्माणको लागि आवश्यक कार्य अगाडी बढाईनेछ।।

४.१२. नगर भित्र रहेका साघुँरा कल्भर्टहरुलाई क्रमिक रुपमा फराकिलो गरिनेछ । पुराना फुटेका ढलानहरुलाई समुचित मर्मत गरिनेछ।

४.१३. अति विपन्न परिवारको आवास निर्माण तथा मर्मतमा आवश्यक सहयोग र सहजीकरण गरिनेछ।

४.१४. नगरपालिकाबाट सडक विस्तार तथा निर्माणका क्रममा कुनै जग्गा धनीको नाममा रहेको जग्गा सडक विस्तार हुनु अघि मापदण्डको क्षेत्रफल भएपनि सो सडक निर्माण पछि उक्त जग्गाको मापदण्ड नपुग भएमा उक्त जग्गामा नक्सा पास गर्दा मापदण्डमा छुट दिईने नीति लिईने छ।

४.१५. नगरपालिका भित्र बर्षातको पानी नदीमा कटाउने नाला निर्माणको क्रममा अधुरा रहेकालाई प्राथमिकतामा राखि निर्माण कार्य गरिनेछ।

४.१६. सड़क पहुँच नपुगेका बस्तीहरूमा सड़क सञ्जालको पहुँच सुनिश्चित गर्ने योजनालाई प्राथमिकता दिईनेछ, नियमित सडक मर्मत इकाइ गठन गरी तत्काल मर्मतको व्यवस्था मिलाईने छ।

४.१७. सरकारी भवन, विद्यालय, स्वास्थ्य भवन निर्माण गर्दा DPR मा नै **Re-charge pit, Rain Water, Harvesting** र बिरुवा रोप्ने कार्य समावेश गर्न प्रोत्साहन गरिनेछ।

४.१८. घर निर्माण सम्पन्न लिन आउँदा सेप्टी ट्याङ्की र सोकपीट निर्माण र फोहोर मैला बर्गीकरणका लागि कन्टेनर राख्नुपर्ने नीति लिइनेछ।

४.१९. बकैया पुल देखि कछडिया टोल हुँदै निजगढ ४ हिरालाल पार्क र गणेशमान पार्क जाने बाटो निर्माणको लागि प्रथामिकतामा राख्ने।

## ५. संस्थागत विकास एवम् सुशासन

५.१.नगरको सेवा प्रवाहलाई छिटो छरितो बनाउन गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षणं (o & M) बमोजिम कर्मचारीको व्यवस्थापन गरिनेछ। कर्मचारीहरुको पद,योग्यता,दक्षता बमोजिम कर्मचारीहरुलाई जिम्मेवारी प्रदान गरिनेछ।

५.२. वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरुलाई थप व्यवस्थित बनाउन वडा सचिवहरुलाई सेवा प्रवाह सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

५.३.नगरको वित्तीय शुसासनको लागि निजगढ नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली / कार्यविधि बनाइनेछ।

५.४. ललितपुर र काठमाण्डौ न.पा. लगायतका पालिकाहरुसँग भगिनी सम्बन्ध स्थापित गर्न कार्य प्रारम्भ गरिनेछ।

५.५. यस नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमा काम सम्पन्न गरी उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने संस्कृतिको विकास गर्न नगर कार्यापालिकाको कार्यालय, निजगढ तथा मातहतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई कार्यबोझ र कार्यप्रकृतिको आधारमा सुविधा मापदण्ड बनाई प्रोत्साहित गरिनेछ।

५.६. नगरपालिकाको समग्र खरिद व्यवस्थापनलाई पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउन वार्षिक खरिद योजना र विकास कार्यक्रम कार्यान्वयन गर्न सबै प्रकारका खरिदलाई एकीकृत प्रणाली मार्फत खरिद गर्ने व्यवस्था मिलाईने छ। खरिद प्रक्रियाको लागि गठन भएको खरिद इकाइबाट मात्र खरिद गरिने व्यवस्था गरिनेछ। सो का लागि खरिद इकाइलाई थप व्यवस्थित गरिनेछ।

५.७. नगरपालिकाले कार्यविधिले तोकेको सूचकहरु पुरा हुने गरी स्व-मूल्याङ्कन, स्थानीय आर्थिक विकास मूल्याङ्कन , वित्तीय जोखिम न्यूनिकरण लगायतका परीक्षणहरू अनुरुप नगरपालिकाको काम कार्वाहीलाई संचालन गरिनेछ ।

५.८. करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य अवश्याकता , कार्यसम्पन्न प्रतिवेदनका आधारमा सेवा अवधी थप एवम् तलव सुविधा समायोजन गरिनेछ।

## ६. खानेपानी तथा सरसफाई

**"स्वस्च्छ खानेपानी, सरसफाइयुक्त आनीवानी"**

६.१. नगरपालिका वडा नं ४ देखि ९ सम्मको क्षेत्रमा **"वृहत खानेपानी तथा सरसफाइ आयोजना"** लाई समयमै सम्पन्न गर्नको लागि सम्बन्धित पक्षहरुसँग समन्वय र सहकार्य गरिनेछ।

६.२. आगामी २ वर्ष भित्र हरेक नगरवासीको घरमा "एक घर एक धारा" अभियान अन्तर्गत पानी उपलब्ध गराउन विषेश गरी रतनपुर र भरतगञ्ज सिंगौल क्षेत्रलाई प्राथमिकतामा राखि योजना तर्जुमा गरिनेछ ।

६.३. निजगढ नगरपालिकाको विभिन्न वडाहरुमा निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि बनेका खानेपानी उपभोक्ता समितिहरुलाई अद्यावधिक र संस्थागत विकासका लागि आवश्यक नीति लिइने छ ।

६.४. **प्रत्येक दिन "मेरो १० मिनेट वरिपरिको सरसफाईमा लगाउछु"** भन्ने भावना प्रत्येक नागरिकमा जगाउन टोलविकास संस्थाहरु एवं विकास साझेदार संस्थाहरुको सहकार्य र साझेदारीमा टोल टोलमा सचेतनामूलक कार्यक्रमको प्रारम्भ गरिनेछ।

६.५. निजगढ नगरपालिकको दीर्घकालिन फोहोर व्यवस्थापनको लागि छिमेकी पालिकाहरु र विकास साझेदारहरुसँग सहकार्य गरी फोहोरबाट आय आर्जन समेत गर्ने नीति कार्यान्वयनमा ल्याइने छ।

६.६. खानेपानी उपभोगमा प्रदान गरीदै आएको खानेपानीको न्युनतम महशुलमा सहुलियतलाई निरन्तरता दिइने छ। यद्यपी, यो कार्यक्रमले भविष्यमा निजगढ नगरपालिकाको आर्थिक दायित्व अत्याधिक बढ्ने देखिएकोले सर्वपक्षिय छलफल चलाई समतामुलक र न्यायीक वितरण प्रणाली मार्फत छुट गर्ने कार्ययोजना निर्माण गरिनेछ । नगरको उचित स्थानहरुमा सार्वजनिक शौचालय निर्माण कार्यलाई अगाडि बढाईने छ

## ७. योजना कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन :-

७.१. यस नगरको नीति तथा कार्यक्रम र बजेट अन्तर्गत सञ्चालन हुने सम्पूर्ण योजना तथा कार्यक्रमहरुलाई परिणाममुखी वनाउन एवं. समयमै सञ्चालनको लागि **नगर प्रमुखको संयोजकत्वमा योजना कार्यान्वयन को प्राथमिकता निर्धारण तथा अनुगमन समितिको** निर्माण गरिनेछ।

७.२. स्थानीय उपभोक्ता समितिसंग कम क्षमता हुने, heavy मेसिनरी औजार प्रयोग निर्माण सम्बन्धी कार्यहरुलाई ठेक्का व्यवस्थापन मार्फत निर्माण कार्य गर्नुपर्ने आयोजनाहरुको खरीद योजना, लागत अनुमान तयारी, बोलपत्र तयारी तथा ठेक्का व्यवस्थापनको कार्यहरू समयमा निर्माण कार्य सम्पन्न गरिनेछ।

## ८. विपद् /प्रकोप व्यवस्थापन

८.१.आपतकालिन कार्य सञ्चालन केन्द्रको स्थापना गरी विपद सम्बन्धी पूर्व सूचना, विपदको चरण र विपद पश्चातको चरण समेतको कार्यलाई प्रभावकारी वनाउन आवश्यक कार्य गरिनेछ।

८.२. पहिरो नियन्त्रण, खोला नियन्त्रण लगायतको विपदसंग सम्बन्धित कार्य गर्न विभिन्न सरकारी निकायहरु, विभिन्न संघ संस्थाहरुहरुसंग समेत सहकार्य र समन्वय गरी विपद ब्यबस्थापनको कार्य गरिनेछ।

८.३. बकैया,धन्सार, भमरा, भक्तलाल , लाल, बगर, शक्ति खोलाहरुमा आवश्यक तटबन्धन कार्यलाई निरन्तरता दिइने छ। साथै, यस पालिका भित्र पर्ने खहरे समेतवाट हुने क्षती न्यूनीकरणका लागि राष्ट्रपति चुरे संरक्षण तथा विकास कार्यालय, जलस्रोत तथा नदी व्यवस्थापन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिँचाई डिभिजन कार्यालयहरुसँग सहकार्य र समन्वय गरिनेछ।

८.४. विपद् जोखिम न्यूनीकरणको लागि अभ्यासहरू सञ्चालन गर्ने, सञ्चार प्रोटोकलहरू स्थापना गर्ने, र आवश्यक स्रोत र उपकरणहरूको उपलब्धता सुनिश्चित गरी सशस्त्र प्रहरी, नेपाल प्रहरी, नगर प्रहरी, स्काउट, नेपाल रेडक्रस , UMN, संरक्षण नेपाल लगायत संस्थाहरूसंग आवश्यक समन्वय गरी परिचालन गरिनेछ।

८.५. विपद् जोखिम, पूर्वतयारी उपायहरू, र उपयुक्त प्रतिकार्यहरू बारे जनतालाई शिक्षित गर्न सचेतना सशस्त्र प्रहरी, नेपाल प्रहरी संगको सहकार्यमा अभियानहरू र प्रशिक्षण क्रार्यक्रमहरू सञ्चालन गरिनुका साथै सामुदायिक सहभागितालाई प्रोत्साहित गर्ने र स्थानीय विपद् व्यवस्थापन समितिहरू स्थापना गरिनेछ।

८.६. नगरपालिका क्षेत्र भित्र विपद् लगायत साना तिना मर्मत सम्भारका कार्यमा तत्काल सहयोग पुर्याउन **Rapid Response Program** (RRP) लाई प्रभावकारी बनाइनेछ।

## ९. राजस्व परिचालन

९.१. करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। साथै वडास्तरमा टोल विकास समितिसँग समन्वय गरी कर सङ्कलन अभियान सञ्चालन गरिनेछ।

९.२. सेवाग्राहिलाई राजस्व दाखिला गर्ने कार्यलाई छिटो छरितो झन्झटमुक्त गराउन अनलाईन पेमेन्ट सेवालाई कार्यान्वयनमा ल्याउन आवश्यक कार्य गरिनेछ।

९.३. विभिन्न व्यवसाय सञ्चालन गरी हालसम्म व्यवसाय दर्ता नगरेका व्यवसायीहरूलाई व्यवसाय दर्ता गर्न आएमा प्रोत्साहित गर्न यस आ.व. को पहिलो तीन महिनासम्म व्यवसाय दर्ता तथा सूचिकृत दस्तुर मात्र लिईने व्यवस्था गरिनेछ।

## १०. रोजगार तर्फ

### " श्रम र सीपको सम्मान, स्वाभिमानी जीवनको पहिचान"

१०.१ लघु उद्यम विकास कार्यक्रम, रोजगार सीप तथा उद्यमशीलता केन्द्र मार्फत रोजगारी र स्वरोजगारीको अवसर सिर्जना गर्न युनाइटेड मिसन टु नेपाल, राष्ट्र निर्माण मञ्च, चाँगुनारायण फाउन्डेसन लगायतका एनजीओ आइएनजीओहरु तथा नेपाल सरकारका विभिन्न साझेदार कार्यक्रमसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। मागमा आधारित सीपमुलक तालिम सञ्चालन गरिनेछ।

१०.२. वैदेशिक रोजगारीबाट फर्किएका नगर भित्रका युवाहरूको सीप र क्षमताको उच्चतम उपयोग गरी स्थानीय स्तरमा नै उत्पादनमूलक कार्यमा लगाउन सरोकारवाला निकायहरूसँग समन्वय गर्नुका साथै वित्तीय पहुँच सुनिश्चित गर्न आवश्यक सहजिकरण गरिनेछ।

१०.३. उपप्रमुख उद्यमशील प्रवर्द्धन कार्यक्रमलाई उचित व्यवस्थापन गरी निरन्तरता दिइनेछ।

१०.४. स्थानीय स्तरमा रहेका दक्ष जनशक्तिहरूको तथ्याङ्क अध्यावधिक गरी उनीहरूको सीपलाई बजारीकरण गर्न skills and Vacancy Bank को कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०.५.बैदेशिक रोजगारीको शिलशिलामा जाने व्यक्तिहरुको श्रम स्वीकृति र श्रम नविकरण सेवालाई थप प्रभावकारी र लाभग्राही मैत्री बनाईनेछ।

१०.६. सामी कार्यक्रमलाई संस्थागत गर्दै वैदेशिक रोजगारीको क्रममा अलपत्रमा परेकालाई उद्दार गर्ने , बैदेशिक रोजगारबाट प्राप्त हुने आर्थिक सहायतालाई उपलब्ध गराउन, अन्यायमा परेकालाई न्याय दिलाउन सहजीकरण गरिनेछ।

१०.७. सरकारी सेवामा लक्षित समूह तथा युवाहरुको आकर्षण बढाउन लोकसेवा, शिक्षासेवा, नेपाल प्रहरी, तथा सेनाको पूर्व तयारी कक्षा संचालन गरिनेछ।

१०.८. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारीहरुलाई न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित गर्न नगरपालिकाले आवश्यक म्याचिङ फण्ड समेत व्यवस्था गरी न्युनतम रोजगारी सुनिश्चित गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

## ११. युवा तथा खेलकुद विकास तर्फ

**"सर्वाङ्गिण विकासका मानव विकासका लागि खेलकुद"**

११.१. सम्पूर्ण नगरवासीलाई खेलकुदको माध्यमबाट स्वस्थ जीवन जीउन अभिप्रेरित गरिनेछ।

११.२. आगामी पौष महिनालाई नगर खेल महिनाको रुपमा मनाईने छ। उक्त कार्यक्रम नगरद्धारा आयोजना गरिनेछ।

११.३. यस वर्षदेखि नेपाल स्काउटलाई क्षेत्र विस्तार गरी माध्यामिक तहका सबै विद्यालयहरुमा प्रारम्भिक कार्यक्रम शुरूवात गरिनेछ।

११.४. **नगर खेलकुद विकास समिति मार्फत** सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी खेलकुद पूर्वाधार निर्माण कार्यालाई प्राथमिकता दिइ तेक्वान्दो, फुटवल, क्रिकेट, एथ्लेटिक, भलिवल लगायतका खेलहरुको विकासका लागि नियमित प्रशिक्षण एव खेलकुदहरुको आयोजना गरिनेछ। निजगढको खेल विकासको प्रारम्भिक चरणमा योगदान गर्ने व्यक्तित्वहरुको नाममा विभिन्न खेल पुरस्कारहरुको व्यवस्था गरिनेछ।

११.५. **विकल स्मृति जुनियर फुटबल** आयोजनालाई निरन्तरता दिईने छ।

११.६. माध्यमिक विद्यालयका छात्राहरूलाई सेल्फ डिफेन्सको **(आत्मरक्षा)** तालिमलाई निरन्तरता दिईने छ ।

११.७. खेलको संस्थागत विकासको लागि खेल प्रशिक्षकको व्यवस्था गरी फुटवल र क्रिकेटको ग्रासरुट लगायतका प्रशिक्षणको संस्थागत शुरूवात गरिनेछ । यसका लागि खेलसम्बद्ध संघ संस्था र विकास साझेदारसँग सहकार्य गरिनेछ।

११.८. शहिद हिरालाल रंगशालालाई राष्ट्रिय स्तरको रंगशाला तथा खेलकूद प्रशिक्षण केन्द्रको रूपमा विकास गर्ने कार्य अघि बढाइनेछ। साथै, नगरभरिका खेलमैदानहरुलाई विभिन्न पक्षहरुको साझेदारीमा स्तरोन्नती गरिनेछ।

११.९. क्रिकेटको खेलको विकासको लागि नगरको उपयुक्त स्थानहरुमा क्रिकेट खेलमैदानहरुको पूर्वाधार निर्माण गरिनेछ।

११.१०. नगर भित्रको चुरे क्षेत्रमा साहसिक खेलको सम्भाव्यता अध्ययन गरी निजि क्षेत्रसहितको साझेदारीमा **साहसिक खेलको प्रवर्द्धन कार्यक्रम** शुरूवात गरिनेछ।

## १२. पर्यटन "नगर पर्यटन क्षेत्रको विकास, आयआर्जनको आधार"

१२.१. समग्र निजगढको पर्यटनको विकासको लागि **नगरस्तरीय पर्यटन गुरुयोजना निर्माण** गरी समग्र पर्यटन विकासको आधार तयार गरिनेछ।

१२.२. नगरपालिकाभित्र रहेका ऐतिहासिक पर्वतनाथ महादेव मन्दिर लगायत विभिन्न धार्मिक स्थलहरुको सौन्दर्यकरण गरी धार्मिक पर्यटनलाई बढवा दिईने नीति लिईने छ।

१२.३. नमूना माझी वस्ती निर्माणलाई निरन्तरता दिदै माझी र कछडिया समुदायको रीतिरिवाज भाषिक सांस्कृतिक पक्षको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका लागि दस्तावेजीकरण गरिनेछ।

१२.४. शहिद हिरालाल पार्क, मोहरी गणेशमान पार्क, शक्तिखोला झरना, सिंगौलको तिनकुने पार्क, सुके पोखरी, जातेकुना पोखरी, सामुदायिक वनमा निर्मित विभिन्न पार्कहरु, शीतल झरनालाई विशेष प्राकृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिईने छ।

१२.५. निजगढ नगरपालिका वडा नं ३ पिपलटारदेखि निजगढ १३ मा रहेको शक्तिखोलाको क्षेत्रसम्म पैदलमार्गको रुपमा विकास गर्न सम्भाव्यता अध्ययनका लागि समन्वय र साझेदारी गरिनेछ ।

१२.६. वडा नं ८ मा अवस्थित सप्तऋषी धर्मशालादेखि उत्तरतर्फ पर्वतनाथ महादेवको मन्दिर हुँदै शहिद हिरालाल पार्क र मोहोरी गणेशमान पार्क जाने मार्गलाई **पर्यटकीय मार्गको** रुपमा विकास गरिनेछ।

१२.७. कछडिया संग्राहलय निर्माणलाई निरन्तरता दिईने छ, साथै तामाङ्ग कलाघर एवं माझी समुदायको सांस्कृतिक सामुदायिक भवन निर्माण प्रारम्भ गरिनेछ।

१२.८. कछडिया तथा माझी समुदायमा पर्यटन बोर्ड तथा अन्य विकास साझेदारहरुसँगको साझेदारीमा होम स्टे सञ्चालन कार्यको प्रारम्भ गरिनेछ ।

## १३. सामाजिक सुरक्षा तथा घटना दर्ता

१३.१. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सबै वडाहरूमा सञ्चालन गरिनेछ। तथा सूचना तथा प्रविधिको अधिकतम प्रयोग गरी सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी पहुँच अभिबृध्दि गर्न आवश्यक कार्य गरिनेछ।

१३.२. अटिजम भएका बालबालिकाहरूको पहिचान गरी शिक्षा र स्वास्थ्यमा पहुँच सुनिश्चितता गराईने छ।

१३.३. विविध कारणले नागरिकता प्राप्त गर्न नसकेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न उमेर पुगेका वृद्ध वृद्धालाई नागरिकता बनाउन सम्बन्धित निकायमा पहल गरिनेछ, साथै नेपाल सरकारबाट सामाजिक सुरक्षा प्राप्त नहुने वृद्ध वृद्धालाई नगरपालिकाले दिने गरेको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ।

## १४. महिला, बालवालिका, ज्येष्ठ नागरिक तथा सामाजिक समावेशीकरण

१४.१ बालमैत्री स्थानीय शासन अवधारणाको कार्यान्वयनका लागि तोकिएका सम्पूर्ण सूचकहरु पूरा गरी निजगढ नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक हुने समग्र पक्षको व्यवस्थापन गरिनेछ।

१४.२. अपाङ्गता भएका व्यक्ति र नीजका परिवारलाई नयाँ व्यवसाय शुरू गर्न सहायक सामाग्री उपलब्ध गराउने, प्राविधिक तथा आर्थिक सहयोग गर्ने नीति लिइनेछ । अपाङ्गता सञ्जालको नियमित सञ्चालन गर्न आवश्यक सहयोग र सहजीकरण गरिनेछ। नगरमा अपाङ्ग प्रोफाइल तयार गरिनेछ।

१४.३. पछाडि परेका वर्ग तथा समुदायहरुको चौतर्फि हितलाई ध्यानमा राखि सबै किसिमका विभेदहरुको सहमुल अन्त्यका लागि सामाजिक समावेशीकरण ऐन निर्माण गरी सो वर्ग समुदायलाई सामाजिक न्याय सहितको नगर विकासको मूल धारमा समावेश गराईनेछ।

१४.४. लैंगिकतामा आधारित सबै प्रकारका हिंसालाई दुरुत्साहन गर्न र हिंसा पीडित तथा प्रभावित महिला तथा किशोरीहरुलाई सहज तथा दीर्घकालीन पुनर्स्थापनाका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४.५."ज्येष्ठ नागरिकहरुलाई अनुभवी र पाको पुस्ताको रुपमा सम्मान गर्दै उर्जाशिल ढङ्गले जिवन ज्ञापन गर्न सक्ने वातावरण निर्माण गर्न **ज्येष्ठ नागरिक मिलन केन्द्र (दिवा सेवा केन्द्र)**, संचालनको शुरूवात गरिनेछ।

१४.६.बालश्रममुक्त नगरपालिका निर्माणमा आवश्यक कार्य गरिनेछ। जोखिममा परेका बालबालिकाहरुलाई तत्कालै उद्दार गरी संरक्षकत्व प्रदान गर्न निजगढ नगरपालिकामा बाल संरक्षण केन्द्रको स्थापना गर्न आवश्यक कार्य अघि बढाइनेछ।

१४.७. न्यायिक समितिबाट सम्पादन हुने कार्यको प्रभावकारिता अभिवृद्धिका लागि मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि, समुदायमा आधारित संस्थाहरुलाई अनुशिक्षण, प्रचारप्रसार र संस्थागत सुदृढीकरण गरी मेलमिलाप केन्द्र संचालनलाई निरन्तरता दिईनेछ ।

## १५. सहकारी

१५.१. सहकारीको माध्यमबाट उत्पादनमूलक क्षेत्रमा पुँजी परिचालन गरी उत्पादकत्व बढाउदै रोजगारी र स्वरोजगारी श्रृजना गर्न साझेदारीको नीति लिइनेछ ।

१५.२. सहकारी संस्थाहरुको अनुगमन नियमनलाई प्रभावकारी बनाउने, क्षमता अभिवृद्धि र संस्थागत सबलीकरणको लागि आवश्यक तालिम प्रशिक्षणको व्यवस्था गरिनेछ ।

१५.३. सहकारी संस्थामा समस्याका रुपमा रहेको दोहोरो ऋण र वित्तीय अपराध रोक्न कर्जा सूचना प्रणलीमा निर्माण गर्न र प्रणालीमा आवद्ध हुन प्रोत्साहित गरिनेछ , यसका लागि सम्बद्ध पक्षसँग साझेदारीको नीति लिइने छ ।

## १६. भू-उपयोग

१६.१. नगरपालिकामा मालपोत तथा नापीको सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गरिनेछ ।

१६.२. नगरपालिका भित्र रहेका भूमिहिन दलित, भूमिहिन सुकुमबासी र भूमिहिन अव्यवस्थित बसोबासीको भूमि सम्बन्धी समस्या समाधानका लागि स्थानीय तहको सम्पुर्ण जिम्मेवारी तदारूख्ताका साथ निर्वाह गरिनेछ ।

१६.३. भूउपयोग ऐन, २०७६ तथा भूउपयोग नियमावली, २०७९ अनुसार नगरपालिका भित्रका जग्गाको वर्गीकरण अनुसारको कित्ता नम्बर लगायत सम्पूर्ण प्रक्रिया पूरा गरिनेछ ।

१६.४. नगरक्षेत्र भित्रका सार्वजनिक पर्ती एवं नदी उकासको जग्गाको संरक्षण गर्ने नीतिलाई निरन्तता दिइने छ ।

१६.५. भोग र नक्शा तथा क्षेत्रफल नमिलेको जग्गाको हकमा हालसाविक एवं पुनः नापीका लागि सम्बन्धित निकायको समन्वयमा आवश्यक कार्य गरिनेछ ।

## १७. गैर सरकारी संघ संस्था

१७.१. नगरपालिकाको समग्र समृद्धि र विकास हासिल गर्नका लागि शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार विकास र फोहोरमैला व्यवस्थापन, रोजगारी वृद्धि लगायतका क्षेत्रहरूमा गैर सरकारी संस्थाहरुसँग सहकार्य , समन्वय र साझेदारीको नीति अवलम्बन गरिनेछ ।

१७.२. गै.स.स.बाट भएका कामको अनुगमनको प्रबन्ध मिलाईने तथा प्रगति समीक्षालाई अनिवार्य गराइनेछ ।

## १८. तथ्यांक व्यवस्थापन एवं सूचना प्रविधि तथा सञ्चार

१८.१. विद्युतीय शासन प्रणालीलाई अवलम्बन गर्दै नगरभित्रका सेवा प्रवाहलाई छिटो छरितो चुस्त दुरुस्त प्रभावकारी बनाउन आवश्यक व्यवस्थापकीय कार्य गरिनेछ ।

१८.२. नगरबाट भए गरेका काम कारवाहीको प्रगति विवरणलाई सूचना तथा सञ्चार माध्यमको मार्फतबाट सार्वजनिक हुने व्यवस्था मिलाईनेछ ।

## १९. वन, वातावरण तथा हरियाली प्रबर्धन :-

१९.१. जलवायु परिवर्तनको कारण बर्षात कम हुने अल्पवृष्टि/अतिवृष्टि र खण्ड वृष्टि (कम बर्षात) कारण खानेपानी र सिँचाई प्रयोजनका लागि निर्माण गरीएको डिप बोरिङ्गहरुको दीर्घकालिन उपयोगमा नकरात्मक प्रभाव पर्न नदिनका लागि चुरे तथा भावर क्षेत्रमा अभियानको रुपमा रिचार्ज पोखरी / सिँचाई पोखरी एवं. **Rain of harvesting Dam** निर्माण गर्न आवश्यक सहयोग समन्वय र सहजीकरण गरिनेछ ।

१९.२. नविकरण नभएका सामुदायिक वन समूहहरुको वन कार्ययोजना नविकरणमा सघाउन आवश्यक कार्य गरिनेछ । सामुदायिक बनका पदाधिकारीहरुको क्षमता विकास गरी वन संरक्षण, व्यवस्थापन तथा उपयोगलाई प्रभावकारी र पारदर्शी बनाईनेछ।

१९.३. सामुदायक वन , सामुदायिक वन उपभोक्ता महासंघ एवं. वनका विभिन्न निकायसँगको सहकार्य र साझेदारीमा वन क्षेत्रभित्रका खोलाहरुमा बाँस रोपन, **रिचार्ज पोखरी निर्माण एवं समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन** गरिनेछ। साथै, रिचार्ज पोखरीलाई अभियानको रुपमा अगाडि बढाईने छ।

१९.४. बहुउपयोगी विरुवाहरु जस्तैः हर्रो,वर्रो, वेल, जामुन, अमला, चिउरी लगायत फलफुल रोपन कार्यलाई प्रोत्साहन तथा साझेदारी गरिनेछ।

## २०. सवारी नियमन

२०.१. नगरक्षेत्रमा सञ्चालन हुने सडक यातायातका सवारी साधन कानून बमोजिम रुट परमिट जारी, खारेज गर्ने, वैज्ञानिक भाडा दर तोक्ने कार्य र पार्किङ्ग व्यवस्थापनलाई महत्वका साथ अगाडि बढानेछ।

२०.२. नगर प्रहरी र ट्राफिक प्रहरीको सहकार्यमा ट्राफिक सङ्केत र ट्राफिक नियमबारे जनचेतना अभिवृद्धि गराइनेछ र ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । ट्राफिक प्रहरीसँग समन्वय गरी नगरपालिकाभित्रका चोक तथा सडकहरूमा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ।

२०.३. नगरपालिकाको सबै वडाहरूमा सार्वजनिक सेवाको पहुँच सुनिश्चित गर्न यातायात व्यवसायीहरूसँग समन्वय गरी सार्वजनिक यातायात सुनिश्चित गरिनेछ।

## २१. धर्म, संस्कृति तथा सम्पदा

२१.१. नगरपालिका क्षेत्रभित्रको भाषा ,साहित्य, कला तथा संस्कृतिको संरक्षण संवर्द्धन र विकास गरिनेछ । साथै, सरोकारवाला निकायहरूसंगको साझेदारीमा नियमित संगीत तथा कला प्रशिक्षणको कार्यक्रम राखिनेछ।

२१.२. निजगढ नगरपालिका क्षेत्र भित्र रहेका मन्दिर, गुम्बा, मस्जिद जस्ता धार्मिक स्थलहरुको संरक्षण र प्रबर्द्धन गर्ने नीति लिइएको छ।

२१.३. निजगढ नगरको भूमिपुत्रको रुपमा रहेका कछडिया समुदायको ऐतिहासिकता झल्काउन निर्माणाधिन कछडिया संग्राहलय र तामाङ्ग समुदायको भेषभुषा, भाषा ,कला तथा संस्कृति झल्किने गरी तामाङ्ग कला घर (Tamang Cultural House)र माझी जातीको सांस्कृतिक पहिचानको लागि माझी सांस्कृतिक सामुदायिक भवनको निर्माणको लागि आवश्यक कार्य गरिनेछ। यसका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

## २२. कानून तथा न्याय

२२.१. स्थानीय तहहरुबीच एक अर्काको अनुभव र असल अभ्यासको साटासाट गर्न प्रदेश स्तरीय न्यायीक समिति सम्मेलनको आयोजना गरिनेछ।

२२.२. न्यायिक समिति अन्तर्गत गठन भएका वडा नं. **१ देखि वडा नं. १३** का मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धी **४८ घण्टाको** तालिम संचालन गरिनेछ। साथै, कार्यविधिमा उल्लेखित अनुसारको सेवा सुविधा उपलब्ध गराइनेछ।

२२.३. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ को (१) र (२) बमोजिम दर्ता हुने मुद्दा तथा सो को प्रक्रिया बारे कार्यपालिका सदस्य, वडा प्रतिनिधि, कर्मचारी, मेलमिलाप समितिलाई निजगढ नगरपालिका **न्यायिक कार्यविधि ऐन, २०७५,** लगायत नगरपालिकाका ऐन, नियम तथा कार्यविधि सम्बन्धी पुनर्ताजकीकरण कानूनी कार्यक्रम संचालन गरिनेछ|

२२.४. महिला, बालबालिका, अपाङ्गता भएका तथा जेष्ठ नागरिकहरुलाई विचाराधीन मुद्दाको रोहमा तत्काल आवश्यक परे उद्वारको व्यवस्था गरी, उद्दार कोषको व्यवस्था गरिनेछ|

२२.५. न्यायिक समितिका पदाधिकारी र कार्यरत कर्मचारीहरुको कानूनी क्षमता बिकासका लागि तालिमको व्यवस्था गरिनेछ।

२२.६. हाल सम्म पारित भएका ऐन, नियम, निर्देशिका र कार्यविधिहरुलाई जनभावना, कार्यअनुभव, सिकाइ प्रयोग र समय सापेक्ष परिमार्जन एवं संशोधन गर्दै कार्य सम्पादनमा सहजता प्रदान गरिनेछ । साथै, आवश्यकता अनुसारका नयाँ ऐन, नियमावली, निर्देशिका र कार्यविधि समेत निर्माण गरिनेछ ।

**२३. आर्थिक प्रशासन सञ्चालन**

२३.१. आर्थिक प्रशासन सञ्चालन सम्बन्धी गतिविधिहरूलाई विद्युतीय सूचना प्रणालीमा आवद्ध गरिनेछ।

२३.२. आर्थिक प्रशासन सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली लगायत अन्य प्रचलित कानूनहरू बमोजिम सञ्चालन गरी पारदर्शीता, मितव्ययिता, प्रभावकारीता, औचित्यता र जवाफदेहिता अभिवृद्धि गरिनेछ।

२३.३. **चालु खर्चलाई नियन्त्रण गरी वाञ्छित सीमाभित्र** राख्दै पूँजीगत खर्चको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

**२४. आन्तरिक नियन्त्रण तथा वित्तीय जोखिम न्यूनीकरण**

२४.१. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२४.२. अनुत्पादक खर्चलाई कटौती गरी चालु खर्चमा मितव्ययिता कायम गरिनेछ ।

२४.३. कार्यालयको खर्चमा मितव्ययिता र पारदर्शिता कायम राख्न सबै विषय क्षेत्र समेट्ने गरी आन्तरिक नियन्त्रण निर्देशिका तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२४.४.आर्थिक प्रशासन सम्बन्धि बिद्यमान ऐन, नियम, मापदण्ड तथा कार्यविधिको पालनालाई प्रभावकारी बनाई आर्थिक अनुशासन कायम गर्दै वित्तिय जोखिम न्युनिकरण गरिनेछ ।

२४.५. कार्यक्रम तथा खर्च सम्बन्धी एकिकृत मापदण्ड तयार गरी आर्थिक अनुशासन एवं पारदर्शिता प्रवर्द्धन गरिनेछ ।

२४.६. आन्तरिक लेखापरीक्षणको स्वतन्त्रता कायम राख्दै आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी वस्तुगत र यथार्थपरक बनाईनेछ ।

२४.७. आन्तरिक लेखापरीक्षणले औल्याएका वेरुजुलाई अन्तिम लेखापरीक्षण हुनु अगावै फछर्यौट गर्ने प्रभावकारी संयन्त्रको व्यवस्था गर्दै सम्बन्धित जिम्मेवारी पदाधिकारी/संस्थालाई जवाफदेही बनाईनेछ ।

**२५. विविध :**

२५.१.नगरलाई देश विदेशमा चिनाउनका लागि ख्यातिप्राप्त व्यक्तित्व, खेलाडि, लगायतका विधामा सम्मान कार्यक्रम यसै आ.व.देखि शुरू गरिनेछ । नगर स्थापना दिवसमा निजगढ निर्माणका लागि र निजगढलाई चिनाउनका लागि विविध विधामा योगदान गर्नुहुने व्यक्तित्वहरु र नगरका विभिन्न तहमा रहेर अध्ययन गर्ने (SEE, +२ , क्याम्पस टप ) लगायतका विधामा सम्मान कार्यक्रम आयोजना गरिनेछ ।

२५.२. नगरका मुल सडक तथा विभिन्न चोकहरुमा सि.सि. क्यामेरा जडान गरिनेछ । साथै, आवश्यकता अनुसार सोलार वत्ति हाइ मास्क लाईट जडान गरिनेछ ।

२५.३. निजगढमा विद्युतिय सव स्टेशन निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ । सडकको विचमा तथा भौतिक संरचनाको माथि परेका विद्युतिय संरचना व्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ ।

२५.४. नगरभित्र मोबाइल नेटवर्किङ्गको सहजताको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

२५.५. निर्माणाधिन तराई मधेश द्रुतमार्ग, प्रस्तावित दोश्रो अन्तराष्ट्रिय विमानस्थल, पूर्व पश्चिम रेलमार्ग र उत्तर दक्षिण रेलमार्गको संयुक्त स्टेशनको संगम स्थलको रुपमा विकास गर्ने नेपाल सरकारको योजनालाई छिटो रुपमा सम्पन्न गर्नको निमित्त स्थानीय सरकारको रुपमा सहकार्य समन्वय र आवश्यक सहयोग गरी समयमानै सम्पन्न गर्न पहल गरिनेछ ।

२५.६. तराई मधेश द्रुतमार्ग निर्माण आयोजनाबाट यस नगरको विभिन्न क्षेत्रहरुमा भईरहेको कार्यहरु जस्तो नदी नियन्त्रण , सिँचाई तथा सीप विकासका विभिन्न तालिमहरुलाई लगायतका क्षेत्रमा सहयोग र सहकार्य हुदै आएकोमा सो कार्यलाई थप प्रभावकारीताका साथ निरन्तरता दिन सार्थक पहल गरिनेछ ।

२५.७. आधुनिक तथा बैकल्पिक ठेगाना प्रणालीको विकास गरिनेछ।

२५.८. नगर भित्रका सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुको क्षमता अभिबृद्धीको लागि आवश्यक सहजीकरण तथा तालिमको व्यवस्था गरिनेछ।

२५.९. सञ्चार बाटिका निर्माणका लागि आवश्यक कार्य अगाडि बढाईने छ।

२५.१०. सरोकारवालाहरुको सहकार्यमा नगर भित्रका हाट वजारहरुलाई व्यवस्थित गरिनेछ।

२५.११. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको गौरवको प्रतिकको रुपमा गणतन्त्र स्तम्भ निर्माण कार्य अगाडि बढाइने छ।

२५.१२. राजमार्ग स्थित विभिन्न स्थानमा केरा बिक्री स्टल निर्माण प्रारम्भ गरिनेछ।

यस नीति, तथा कार्यक्रम तयार गर्न महत्वपूर्ण सुझाव दिनुहुने जनप्रतिनिधिज्यूहरु, राजनीतिक सामाजिक व्यक्तित्वज्यूहरु, विभिन्न सामाजिक संघ संस्थाका पदाधिकारीहरू, सहकारीकर्मीहरू, सामुदायिक वनकर्मी, शिक्षाविद्हरू, नगरवासीहरु, विज्ञ सल्लाहकारहरु, सम्पूर्ण कर्मचारी एवम् सुरक्षाकर्मीहरु, संचारकर्मीहरु लगायत प्रत्यक्ष / अपत्यक्ष रुपमा सहयोग गर्नुहुने सबैलाई हार्दिक आभार व्यक्त गर्दछु।

यस नीति तथा कार्यक्रम कार्यन्वयनका लागि संघीय र प्रदेश सरकार, राजनीतिक दलहरु, निर्वाचित जनप्रतिनिधिहरु, अन्य सम्बन्धित निकायहरु, नगरवासीहरु तथा सम्पूर्ण कर्मचारी साथीहरुबाट पूर्णरुपमा सहयोग प्राप्त हुने विश्वास लिएको छु।

सुरथ पुरी
नगर प्रमुख

सुरथ पुरी
नगर प्रमुख